# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (सत्रौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७८।०३।१७ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आठौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ११ बजेर १० मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख,**

माननीय सदस्यहरु आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरु, तपाईहरुको प्रतिपक्ष दलको आफ्नो कुरा के छ राख्न म माननीय सदस्यलाई अनुरोध गर्दछु। माननीय सदस्य रामशरण बस्नेतज्यू।

**माननीय श्री रामशरण बस्नेत**

माननीय सभामुख महोदय, मलाई हिजो मात्रै जस्तो लाग्छ। दुईजना माननीयहरु तत्कालीन अवस्थामा मेरो मन्त्रालयमा गएर उहाँहरु मेरो मन्त्रालयमा आउनुभयो तर उहाँका अनुहारहरु खुशी देखिन्थे। त्यही बेखुशी अनुहारका बिचमा मैले उहाँहरुलाई भने सदाशयताका साथ तपाईंहरु बसिदिनुहोस् र तपाईंहरुका कुरा के छन् भनेर मैले सोधें र माननीयज्यूहरुले भन्नुभयो तपाईंले यतिखेर रकम रकमान्तर गर्दै हुनुहुन्छ त्यो रकम रकमान्तर रोक्नुपर्यो त्यो रकमान्तर रोक्नुभएन भने संसदमा राम्रो हुँदैन। मैले भने माननीयज्यूहरु रकमान्तर गर्ने गरी हामीले वहुवर्षिय टेण्डर गरेका छौं जुन टेण्डरमा ५ (पाँच) करोड विनियोजन गरिएको छ। अहिले यो बेलासम्म आइपुग्दा १५(पन्ध्र) करोड खर्च भईगएको छ। हामीले अधिकांश ठेक्काहरु हामीले निर्माण व्यवसायी मार्फत गर्यौं। टेण्डर गर्यौं, त्यो पैसा बाँकी हुन्छ। अहिलेको वर्ष जस्तै विगतमा पनि ठूलो बाढी आएको थियो। गण्डकी प्रदेश प्रभावित बनेको थियो। हामीले बनाएका संरचनाहरु ध्वस्त थिए, बिग्रिएका थिए। तिनीहरुको मर्मत गर्नु पर्छ। रकमान्तर कि त विग्रिएका संरचनाहरु मर्मतका निम्ति खर्च हुन्छन कि वहुवर्षिय योजनाका निम्ति खर्च हुन्छन। हामीले केही केही मात्रै रकमान्तर गर्ने सोच बनाएको थियौं भनेको हिजोको जस्तो मलाई लाग्छ, समय गतिवान हुन्छ। अगाडि बढ्दै जाँदा आज ती माननीय ज्यूहरु उहाँहरु

आज सत्ता पक्षको बेन्चमा बस्नुभएको छ र हामी प्रतिपक्षमा बसेका छौं। मलाई लाग्छ, हामी त्यो जसको वहुमत हुन्छ त्यही सत्तामा पुग्छ, त्यो कुरा नेकपा एमाले संसदीय दललाई राम्रोसँग थाहा छ। आज हामी यहाँ विपक्षमा बसिरहँदा कुनै आग्रहका साथ पुर्वाग्रहका साथ हामी बोलिरहेको छैन। हामीले सुनेका पनि छौं। माननीय मुख्यमन्त्री ज्यूको मुक्तकण्ठले यही प्रशंसा पनि भयो र उहाँ एउटा इमानदार, आदर्श पुरुषको रुपमा हामीले यहाँ सुनेका पनि थियौं तर मलाई लाग्छ सुन सबै पहेंला हुन्छन तर त्यो सुन एक नम्वरको हो वा २ नम्वरको हो? त्यो थाहा पाउनका निम्ति कसी नै लगाउन पर्दो रहेछ। मान्छे हेर्दा एकदम इमान्दार देखिने, एकदम आदर्श पुरुषजस्तो देखिने तर जब व्यवहारमा जाँदा उहाँले कस्तो व्यवहार गर्नुभयो भन्ने कुरा प्रमुख हुँदोरैछ। आज म सुभामुख मार्फत सरकारलाई भन्न चाहन्छु आज सरकार बनेको दिनदेखि नै आम जनताले सरकारको समर्थनमा आम जनता रहेन सरकारबाट थुप्रै आशा र अपेक्षा गरेका थिए हामीले पनि आशा गरेका थियौं, अपेक्षा गरेका थियौं, लामो समय। अब हामीले सत्ता सञ्चालन गरिरहँदा कतिपय सल्लाह र सुझावहरु पनि प्राप्त गरेका थियौं त्यो सल्लाह र सुझाव प्राप्त गर्नेहरु सत्तामा पुगिसकेपछि राम्रा कामहरु गर्छन् होला भन्ने हामीलाई लागेको थियो तर जब सत्तामा उहाँहरु पुग्नुभयो सत्तामा पुगिसकेपछि द्रुतगतिमा अगाडि बढिरहेको विकास ठयाप्प भयो। निर्माण व्यवसायीले पैसा पाएन, उपभोक्ता समितिले पैसा पाएन। अहिले पनि म सभामुख मार्फत सम्पूर्ण सभासदहरुलाई भन्न चाहन्छु कि अहिले २० देखि २५ प्रसेण्ट पूँजीगत खर्च रोकियो यो सरकार बन्दाखेरी। आज जतातते लथालिंग भईरहेको छ। यी निर्माण व्यवसायीहहरुले पैसा पाउँछन् हामीले भनेका पुलहरु बन्दै जान्छन्, बाटाहरु पिच गर्दै अगाडि बढ्छ, खानेपानी सिँचाई लगायतका सबै क्षेत्रहरु अगाडि बढ्छ भन्ने कुरा हामीले सोचेका थियौं। म स्मरण पनि गराउन चाहन्छु, बजेट कस्तो अवस्थामा आयो ? बजेट कस्तो अवस्थामा ल्याउनका निम्ति हामीले सहयोग पुर्यायौं ? त्यो हाम्रो सहयोगलाई हामी सत्तापक्षले अर्थात विशेषतः सरकारले राम्रोसँग बुझेन भन्ने लाग्छ। आज यहाँसम्म आइपुग्दा हामीले सञ्चार माध्यमबाट सुन्यौं, सुनिरहेका छौं। सञ्चार माध्यमहरूमा आइरहेका छन् सरकारले करोडौं रुपैयाँ जहाँ भुक्तानी दिनुपर्ने हो त्यहाँ नदिने, जहाँ विकास निर्माणलाई गति दिनु पर्ने हो त्यहाँ नदिने, अनि त्यसपछि मलाई लाग्छ, गठवन्धन भित्रैका साथीहरु पनि मलाई लाग्छ सन्तुष्टी हुनुहुन्छ वा हुनुहुन्न त्यो मेरो कुरो होइन तर प्रतिपक्षमा बसेर हामी हेरिरहँदा, बुझिरहँदा सरकारले जुन कार्यशैली अपनाई रहेको छ त्यो खेदजनक छ, दुःखदायी छ र यसले मुलुकलाई रूपान्तरण गर्न सक्दैन, परिवर्तन गर्न सक्दैन त्यसकारण अहिले नेकपा एमाले संसदीय दलले के चाहिरहेको छ भने कति करोड रुपैयाँ तपाईंहरुले विनियोजन गर्नुभएको हो। त्यसको

फेहरिस्त चाहियो। के आधारमा योजनाहरु छनोट भए ? योजना छनोट गर्ने आधार के हो? कुन माननीयको सिफारिसमा योजना तपाईंहरुले असारको १६ गतेबाट वितरण गर्न थाल्नुभयो। यो योजना १६ गतेदेखि जुन पठाउन थालियो त्यो हामीसँग प्राप्त लिष्ट अनुसार २३ गतेसम्म छ। २३ गते एकैदिन निवेदन दिन्छ, एकै दिन मन्त्रालयले स्वीकृत गर्छ, एकैदिन त्यहाँ समिति बनेका रेकर्डहरु हामीसँग छ। यही पोखरा महानगरपालिकाको एउटै वडामा करोडौं रुपैयाँ विनियोजन भएको छ, के आधारमा भयो? त्यो माननीयज्यूहरुले छान्नुभएको हो? कि त्यहाँ बाढीपहिरो एकदम विपद् आइलागेर विनियोजन गरिएको हो? त्यो स्पष्ट हुन जरुरत छ। जुन सरकारले अहिले १३ बुँदा जुन सरकार हिजो हामीलाई रकमान्तर गर्न मिल्दैन। विधिको कुरा गर्थ्यो, पद्धतिको कुरा गर्थ्यो, नियमसंगत हामीलाई पाठ सिकाउन कोही साथीहरु अग्रसर हुन्थे उहाँहरुलाई थाहा छ कि छैन? १३ बुँदा विपरित अहिले वजेट विनियोजन गरिएको छ।

१) आर्थिक कार्यविधि ऐन २०७५ अनुरुप यो बजेट विनियोजन ठिक छैन।
२) आर्थिक कार्यविधि नियमावली २०६४ अनुसार छैन।
३) बजेट तर्जुमा दिग्दर्शन अनुसार छैन।
४) आर्थिक ऐन २०७७ अनुसार छैन।
५) सार्वजनिक खरिद ऐ्न २०६३ र नियमावली २०६४ अनुसार छैन।
६) विनियोजन ऐन २०७७ अनुसार यो बजेट विनियोजन गरिएको ठिक छैन।
७) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि २०७७ अनुसार
८) सार्वजनिक खर्चमा मितव्यीता तथा प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गनिर्देशन २०७५ अनुसार छैन।
९) आर्थिक मामिला तथा योजना मन्त्रालयको वर्ष ७७/०७८ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन अनुसार छैन।
१०) वहुवर्षिय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका २०७५ अनुसार छैन।
११) विनियोजित बजेट विधेयक २०७७/७८ को सिद्धान्त र प्राथमिकता अनुसार छैन।
१२) आ.व. ०७७/०७८ को बजेट वक्तव्य अनुसार छैन। यति हुँदाहुँदै
१३) गण्डकी प्रदेश, प्रदेशको प्रथम पञ्चवर्षिय योजनाले दिएको दिर्घकालीन सोच र लक्ष्य अनुरुप जुन हामीले गण्डकी प्रदेशलाई समृद्ध प्रदेश बनाउने यहाँका जनतालाई खुशी बनाउने, सुखी बनाउने जुन परिकल्पना हामीले दिर्घकालीन रूपमा लिएका छौं। सो अनुसार नभएको हुँदा म नेकपा एमाले संसदीय दललाई यो योजना कति हो, कस

कसको सिफारिसमा हो? कति बजेट विनियोजन गरिएको हो र यो वजेट विनियोजन गर्नुपर्ने कारणहरू के थिए? त्यो सरकारसँग माग गर्न चाहन्छु र हामीले सरकारलाई त्यतिखेर भनेका थियौं जुनबेला बजेट तपाईंहरुले ल्याइरहनु भएको छ, त्यो बजेट वक्तब्य थिएन त्यो एउटा क्लवको अर्थात एउटा सामान्य सहकारीको जस्तो पनि बजेट तपाईंहरुले ल्याउन भएको थिएन त्यसकारण रातो किताब निकालौं, छिटो छलफल गरौं भनेर हामीले भनेका थियौं अहिले आएर असारको मसान्तमा आएर संसद चालिएको छ । यो षडयन्त्रपूर्ण छ र ती सम्पूर्ण चिजहरू नआउन्जेलसम्म संसदलाई अगाडि बढाउन नसक्ने कुरा म सभामुख मार्फत जानकारी गराउन चाहन्छु । त्यो यति कुरा मैले राखिरहँदा यो बजेट विनियोजन भइसकिसकेपछि बजेट कार्यान्वयनका पाटाहरु कस्ता छन्, कसरी गएको छ।उपभोक्ता समितिको अध्यक्ष को भएको छ, कुन मान्छेले यो बजेटलाई अब एउटा सिफारिस गरेका छन् ति सबै कुराहरू ल्याइसके सकेपछि नेकपा एमाले संसदीय दल के चाहन्छ भने सर्वपक्षिय, सर्वदलिय एउटा समिति गठन गरेर, यो छानविन गरेर जुन सरकारले नाङ्गो रुपमा अहिले बजेट विनियोजन गरेर जुन एउटा अप्ठ्यारो स्थितिमा मुलुक एकातिर छ, कोरोना महामारी छ, वाढि पहिरो छ। आज चुनउभ्री जस्ता गाउँपालिकाहरु सम्पर्कविहीन छन त्यतातिर ध्यान नदिएर आफ्ना नातेगोतालाई आफ्ना कार्यकर्तालाई जुन पैसा पोस्ने कामतिर उद्यत छ र यो काम अहिले पनि गरिरहेको छ। तुरून्त रोक्दै यो सम्पूर्ण आइसकेसकेपछि मात्रै सदनलाई अगाडी बढाउन सकिन्छ यो कुरो सभामुख मार्फत म सबैलाई अनुरोध गर्न चाहान्छु र यति भनिकन आफ्ना कुराहरू हेयीं अन्त्य गर्ने, गर्दछु। हस्, धन्यावद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, आफ्नो कुरा राखिसक्नुभयो। त्यसको जवाफ सरकारले दिनेनै छ। म बस्न अनुरोध गर्दछु माननीय सदस्यहरुलाई। माननीय सदस्यहरु, बस्न म फेरी अनुरोध गर्दछु। माननीय सदस्यहरु, यसको जे कुरा उठाउनुभएको छ त्यसको जवाफ सरकारले दिनेनै छ, म बसेर सदनलाई अगाडि बढाउन सहयोग गर्न म अनुरोध गर्दछु। माननीय सदस्यहरु, प्रतिपक्ष दलको तर्फबाट यो सदन अवरुद्ध रहेकोले १ बजेसम्मको लागि यो सदन यहीं स्थगित हुन्छ।